नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पुरस्कार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०९

यस मन्त्रालयको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका देहाय बमोजिमका पुरस्कारहरु वितरण गर्ने कार्यक्रम भएकोले विभिन्न विधा र क्षेत्रमा तोकिए बमोजिमको योगदान पुर्याएका व्यक्ति वा संस्थाहरूबाट निम्न कागजातहरूसहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

### १. बी.पी. कोइराला राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

(क) **राजनीतिक दर्शनः** बी.पी. कोइरालाले अघि सारेका अर्थ राजनीतिक दर्शन, सिद्धान्त, नीति एवं विचारको खोज, अध्ययन तथा अनुसन्धान र लेखन कार्य गरेका वा ती दर्शन नीति र विचारलाई समयसापेक्ष रूपमा नेपालमा लागू गर्ने प्राज्ञिक भूमिका निर्वाह गरेको वा अर्थ राजनीतिक क्षेत्रमा खोज, अध्ययन तथा अनुसन्धान, लेखन कार्य मार्फत नेपाली समाजको राजनीतिक एवं आर्थिक रूपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको ।

(ख) **साहित्यिक विदाः** बी.पी. कोइरालाको साहित्यिक कृतिको खोज, अध्ययन तथा अनुसन्धान, अनुवादको माध्यमबाट ती कृतिलाई नेपाली एवं विश्व साहित्यको क्षेत्रमा थप स्थापित गर्न महत्वपूर्ण योगदान गरेको एवं नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान गरेको ।

### २. इतिहास शिरोमणि बाबुराम आचार्य राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

नेपाली इतिहासको खोजमूलक अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गरी सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरेको वा इतिहास शिरोमणि बाबुराम आचार्यले पुर्याउनु भएको विशेष योगदानको बिषयमा खोज, अध्ययन, अनुसन्धान गरी सो क्षेत्रमा उत्कृष्ट योगदान गरेको व्यक्ति वा संस्था ।

### ३. योगमाया राष्ट्रिय पुरस्कार, २०८०

**पुरस्कारका मूल विधा र क्षेत्रः**

मुलुकको समाज सुधारको लागि सामाजिक कार्यमा सरिक भई महत्वपूर्ण योगदान गर्ने, नेपाली समाजलाई कुरीति मुक्त गरी रूपान्तरणका निम्ति महत्वपूर्ण योगदान गरेको तथा महिला हकहितका बिषयमा उल्लेखनीय कार्य गरेको महिला व्यक्तित्व वा महिला हिंसा र अन्यायबाट नेपाली समाजमा महिलाको हकहितका लागि कानुनीरूपमा सहयोग गरेको वा योगमायाले गरेको विशेष योगदानको बिषयमा खोज, अध्ययन, अनुसन्धान र लेखन कार्यमा संलग्न व्यक्ति वा संस्था ।

### आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण वा कागजातहरूः

(क) **व्यक्ति/संस्थाको विवरणः** नाम, थरः.................आमा/बुवाको नाम (व्यक्तिका हकमा):.....................
पति/पत्नीको नाम (व्यक्तिका हकमा):.........................................सम्पर्क ठेगाना:.............................
इमेलः.....................................................फोन/मोबाइलः........................... स्थायी लेखा नं.:...............................

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (ग) व्यक्ति वा संस्थाको बायोडाटा, (घ) पासपोर्ट साईजको २ प्रति फोटो, (ङ) संस्थाले सिफारिस गरेको भए सिफारिस गर्ने संस्थाको पत्र, (च) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (एकप्रति सम्भव भएसम्म), (छ) प्रकाशित कृति नभएको अवस्थामा अन्य सामग्री प्रकाशन कागजातहरू भए सो समेत ।

**पुनश्चः** पुरस्कार सम्बन्धी कार्यविधि र आवेदन फाराम यस मन्त्रालयको वेभसाइट www.tourism.gov.np मा डाउनलोड गरी हेर्न र थप जानकारीको लागि मन्त्रालयको फो.नं. ०१-४२११९०९, ९८४१३८७२२८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।